गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :- २०७५/०२/१४

# मेरिङदेन गाउँपालिका

# घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधी, २०७५

मेरिङदेन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

सान्थाक्रा, ताप्लेजुङ

# मरिङदेन गाउँपालिका "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधी, २०७५

## प्रस्तावना :

स्थानीय स्तरको विकासको निर्माणमा निजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषतालाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता ,ईमान्दारीता, जवाफदेहीता , विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजि क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (छ)(१०) मा भएको व्यवस्था बमोजिम ऐनको १०२ ले दिएको अधिकार प्रयोग गरी मेरिङदेन गाउँपालिकाले यो कार्यविधि जारी गरिएको छ।

### परिच्छेद-१

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम मेरिङदेन गाउँपालिका, घ वर्ग निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि २०७५ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) “ सार्वजनिक निर्माण कार्य ” भन्नाले प्रचलित कानुन बमोजिम नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठीत संस्था वा प्रदेश सरकार वा मेरिङदेन गाउँपालिकाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारको निर्माण सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले पुनः निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई सम्झाउँदछ।

(ख) “ निर्माण व्यवसायी” भन्नाले निर्माण व्यवसाय संचालन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम दर्ता भएको फर्म वा कम्पनी सम्झनु पर्दछ।

(ग) “इजाजत पत्र” भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि परिच्छेद ३ सँग सम्बन्धित ईजाजतपत्र सम्झनु पर्दछ।

(घ) “कार्यपालिका ” भन्नाले मेरिङदेन गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(ङ) “कार्यालय” भन्नाले मेरिङदेन गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(च) “ प्रमुख प्रशासकीय अधिकृत” भन्नाले मेरिङदेन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(छ) “समिति” भन्नाले यस कार्यविधिको दफा ३ बमोजिमको समितिलाई सम्झनुपर्नेछ।

(ज) “ अध्यक्ष” भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

(झ) “कोष” भन्नाले निर्माण व्यवसायी कोषलाई सम्झनु पर्दछ।

(ञ) “ऐन तथा नियमावली” भन्नाले निर्माण व्यवसाय ऐन, २०५५ र नियमावली २०५६ सम्झनु पर्छ।

## परिच्छेद-२

## इजाजत पत्रको नीति र समिति सम्बन्धी व्यवस्था

**३.** निर्माण व्यवसायलाई सुदृढ र सुव्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक निति तयार गर्न देहाय बमोजिमको सार्वजनिक नीति निर्माण समिति रहने छ।

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) योजना अधिकृत वा योजना शाखा प्रमुख -सदस्य

(घ) लेखा अधिकृत वा लेखा शाखा प्रमुख -सदस्य

(ङ) प्राविधिक/ निर्माण शाखा प्रमुख(प्राविधिक) -सदस्य सचिव

**४.** समितिको बैठक सम्बन्धि व्यवस्था समिति आफैले निर्धारण गरेको कार्यविधि बमोजिम हुनेछ।

**५.** निर्माण व्यवसायको प्रवर्द्धन तथा व्यवस्थापन गर्ने सम्बन्धमा मेरिङदेन गाउँपालिकालाई आवश्यक सहयोग पुऱ्याउन र छानविन गरी कार्यान्वयन गर्न तपशील बमोजिमको एक कार्यन्वयन समिति गठन हुनेछ।

(क) प्राविधिक /निर्माण शाखा प्रमुख (प्राविधिक) -अध्यक्ष

(ख) गाउँपालिकाले तोकेको गाउँपालिकाको प्राविधिक/कर्मचारी -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको व्यक्ति -सदस्य सचिव

**६.** समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तोकेबमोजिम हुनेछ।

## परिच्छेद-३

## इजाजात पत्र सम्बन्धी व्यवस्था

**७. इजाजत पत्रको लागि दरखास्त दिनु पर्ने :** सार्वजनिक कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा निर्माण कार्य गर्न इजाजत पत्रको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखारस्त दिनु पर्नेछ।

**८. दरखास्त जाँचबुझ गर्नु पर्ने:** (१) दफा ७ बमोजिम दरखास्त आएपछि प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो दरखास्तवाला निर्माण व्यवसायीको आर्थिक तथा प्राविधिक योग्यता जाँचबुझ गर्न दफा ५ बमोजिम गठित समितिलाई जिम्मेवारी दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तमा उल्लेख भएको विवरण संग सम्बन्धित अन्य कुनै कागजात आवश्यक पर्ने देखेमा समितिले दरखास्तवाला निर्माण व्यवसायीलाई थप कागजात पेश गर्न लगाउन सक्नेछ ।

**९. इजाजत पत्र दिन सिफारिस गर्ने :** दफा ८ बमोजिम जाँचबुझ गर्दा दर्खास्तवाला निर्माण व्यवसायीको माग बमोजिम इजाजत पत्र दिन मनासिब देखेमा समितिले दर्खास्त परेको मितिले तीस दिन भित्र गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नेछ ।

**१०. इजाजत पत्र दिनु पर्ने :**(१) दफा ९ बमोजिम समितिबाट सिफारिस भई आएपछि त्यस्तो सिफारिस भई आएको मितिले पन्ध्र दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित दर्खास्तवाला सँग ईजाजत पत्र बापत गाउँपालिकाको गाउँ सभा बाट स्वीकृत आर्थिक ऐनले तोके बमोजिम दस्तुर लिई निजलाई अनुसूचि-२ बमोजिमको ढाँचामा इजाजत पत्र दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम दिइएको इजाजत पत्रको अभिलेख कार्यालयले अनुसूची -३ बमोजिमको ढाँचामा अद्यावधिक गराई राख्नु पर्नेछ ।

**११. इजाजत पत्रको नविकरण सम्बन्धि व्यवस्था :** (१) दफा १० को उपदफा १ बमोजिम प्रदान गरिएको इजाजत पत्र दफा १२ बमोजिम खारेज भएको वा प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको अवस्था बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहन्छ ।

(२) उपदफा १ बमोजिम इजाजतपत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले तीन महिना भित्र प्रचलित कानुन बमोजिम संघ, प्रदेश र स्थानिय तहलाई तिर्नु पर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/ प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाण-पत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्बन्धित गाउँपालिकाबाट नियम बमोजिमको दस्तुर तिरी अनुसूची-४ बमोजिमको ढाँचामा नवीकरणको लागि दर्खास्त दिई नवीकरण गराउनु पर्नेछ ।

यसरी इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-वमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनी आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । यसरी अनुसूची– बमोजिमको पासबुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको ईजाजत पत्र नविकरण गर्न गाउँपालिका वाध्य हुने छैन ।

(३) उपदफा २ बमोजिम इजाजत पत्र नविकरणको दरखास्त परेपछि प्रमुख प्रशासकीय अधिकृतले सो दरखास्त उपर आवस्यक जाँचबुझ गरी इजाजतपत्र नविकरण गरिदिनु पर्नेछ ।

(४) उपदफा २ बमोजिमको म्याद भित्र इजाजत पत्र नविकरण गराउन नसक्ने निर्माण व्यवसायीले त्यस्तो म्याद नाघेको छ महिना भित्र सो इजाजतपत्र नविकरण गराउन चाहेमा नविकरण दस्तुर राखी दरखास्त दिनु पर्नेछ ।

(५) उपदफा ४ बमोजिम दरखास्त परेपछि प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो इजाजत पत्र उपर आवश्यक जाँचबुझ गरी इजाजतपत्र नविकरण गरिदिनु पर्छ ।

**१२) इजाजतपत्रको खारेजि :**

(१) देहायको अबस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठीत संस्थामा झुठ्ठा विवरण पेश गरेको सम्बन्धित निकायबाट लेखि आएमा,

(ग) सार्वजनिक निकाय सँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखि आएमा,

२) उपदफा १ बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मानसिव माफिकको मौका दिइने छ ।

३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नविकरण नभएको इजाजत-पत्र स्वतः खारेज हुनेछ ।

४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिइनेछ ।

**१३) इजाजतपत्रको प्रतिलिपि दिइने व्यवस्था :** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारण इजाजत-पत्रको प्रतिलिपी पाउन निवेदन गरेमा नियम बमोजिमको दस्तुर लिइ इजाजत-पत्रको प्रतिलिपी दिनुपर्नेछ ।

**१४) दर्ता किताव :** (१) समितिले यस कार्यविधि बमोजिम प्रदान गरिएको इजाजत-पत्र अनुसूची-५ बमोजिमको ढाँचामा दर्ता किताव खडा गरी अद्यावधिक बनाई राख्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिमको दर्ता किताबमा यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानुन बमोजिम प्रदान गरीएका इजाजतपत्रको अभिलेख समेत दुरस्त बनाई राख्नु पर्नेछ ।

## <u>परिच्छेद-४</u>

## घ बर्ग निर्माण व्यवसायी र दायित्व

**१५.** (१) अनुसुची -६ बमोजिमको योग्यता हुनेलाई घ बर्गको निर्माण व्यवसायी भनिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि प्रारम्भ हुनु अघि प्रचलित कानुन बमोजिम ईजाजत-पत्र प्राप्त निर्माण व्यवसायीले जुन वर्गको इजाजतपत्र प्राप्त गरेको छ सोहि वर्गमा स्वतः वर्गिकृत भएको मानिने छ ।

**१६. सार्वजनिक निर्माण कार्यको विवरण पेश गर्ने दायित्व :**

(१) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण त्यस्तो कार्य गरेको प्रमाण पत्र प्राप्त गरेको पैतिस दिन भित्र अनुसूची सात बमोजिमको ढाँचामा कार्यालय समक्ष पेश गर्नु सम्बन्धित निर्माण व्यवसायीको दायित्व हुनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखीएता पनि सम्बन्धित निर्माण व्यवसायीले आफुले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको एक प्रति विवरण गाउँ कार्यपालिकाको कार्यालयलाई पनि पठाउनु पर्नेछ।

(३) कार्यालयले उपदफा १ बमोजिम प्राप्त विवरणको अभिलेख अनुसूची-८ बमोजिम राख्नु पर्नेछ।

**१७. सहुलियतमा व्यवसायीलाई समूहीकरण गर्ने आधार:** निर्माण व्यवसाय नियामवली २०५६ को नियम १० बमोजिम वर्गीकृत निर्माण व्यवसायीलाई समूहीकरण गर्ने आधार नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ।

## परिच्छेद-५

## विविध

**१८. सहुलियतमा पैठारी गरिएका सामानको विवरण पेश गर्नु पर्ने** : दिपषिय वा बहुपक्षिय सझौता बमोजिम गरिने सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानुन बमोजिम प्राप्त सुविधा अन्तर्गत स्वदेशि वा बिदेशि निर्माण व्यवसायिले नेपाल भित्र पैठारी गरेको सवारी साधन मेशिनरी औजार तथा यस्तै यन्त्र तथा उपकरणको विवरण अनुसूचि-९ बमोजिमको ढाँचामा कार्यालय समक्ष पेश गर्नु पर्ने छ।

**१९. कोषमा बुझाउनु पर्ने दस्तुर :** निर्माण व्यवसाय ऐन २०५५ को दफा १७ को उपदाफा २ को खण्ड ख को प्रयोनको लागि निर्माण व्यवसायिले स्वीकृत ठेक्का अङ्कको ०.२०(शुन्य दशमलव दुई शुन्य) % दरले हुन आउने रकम कोषमा दाखिला गर्नु पर्ने छ।

**२०. बेचविखन वा नामसारी गर्न नपाईने :** अन्यन्त्र जुनसुकै व्यवस्था गरिएको भएता पनि यस कार्यालय बाट जारी भएको इजाजतपत्र इजाजतपत्रवलाको मृत्यु भएको अबस्थामा बाहेक दश बर्ष सम्म बेजविखन वा नामसारी गर्न पाइने छैन।

**२१. इजाजतपत्र प्राप्त नगरि सार्वननिक निर्माण कार्य गर्न नहुने :** प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" बर्ग को निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुदैन

**२२. प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा लेखिएजति विषय यसै वमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**२३. बाधा अड्काउ फुकाउने :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ।

**२४. बचाउ तथा खारेजि** : यस अघि प्रचलित कानुन बमोजिम दर्ता भएका ठेक्का बन्दोबस्ती सम्बन्धी फर्म तथा कम्पनीलाई दिएको ईजाजत-पत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ। यस कार्य विधिमा भएको कुनै प्रावधान नेपलको संविधान अनुरसारको प्रचलित ऐन नियमावली र प्रचलित कानुन सँग बाझिन गएमा बाँझिएको हदसम्म स्वतः खारेज हुनेछ।

अनुसूची-१

(दफा ७ सँग सम्बन्धित)

इजाजत-पत्रको लागि दिईने दरखास्त

विषय : इजाजत-पत्र पाउँ भन्ने बारे ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु,
मेरिङदेन गाउँ कार्यपालिकाको कार्यालय,
सान्थाक्रा, ताप्लेजुङ

मेरिङदेन गाउँपालिका, घ वर्ग निर्माण व्यवसायी इजाजत-पत्र कार्यविधि २०७५ को दफा ७ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि इजाजत-पत्र पाउन निम्न विवरण भरी यो दर्खास्त पेश गरिएको छ :-

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनिको,-**

नामः-
ठेगानाः-
पोष्ट बक्सः-
टेलिफोन नं.- फ्याक्स नं. इमेलः-

**२. फर्म वा कम्पनिको प्रकृति**

| | | | |
|---|---|---|---|
| प्राईभेट लिमिटेड कम्पनी | | पब्लिक लिमिटेड कम्पनी | |
| एकलौटी | | साझेदारी | |

(कोष्ठमा रेजा लगाउनु पर्नेछ )

**३.सम्पर्कको लागि फर्म वा आधिकारीक व्यक्तिको :-**

नाम थरः-
ठेगानाः- पोष्ट बक्स
टेलिफोनः- फ्याक्स इमेलः-

**४. फर्म वा कम्पनीको विवरणः-**

दर्ता नं. :- दर्ता मितिः-
अधिकृत पूँजीः- जारी पुँजी:-
दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः-

**५. इजाजतपत्र चाहेको वर्ग :-**

**६. समूहीकरण हुन चाहेको समूहः-**

**७.आर्थिक श्रोतको विवरण :-**

| | रकम | वित्तिय संस्था/बैंक को नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुटै पेश गर्न सकिनेछ।

**८. कामदारको विवरण :-**

(क) प्राविधिक :-

(ख) अप्रविधिक :-

(ग) अन्य:-

**९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेसिनरी औजारको विवरण :-**

| सि. नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता | संख्या | मूल्य | खरिद मिति | अन्य ब्यहोरा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाण-पत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भने मेकानिकल ईन्जिनियरद्बारा प्रमाणित भएको हुनु पर्नेछ।

**१०.यस अघि सम्पन्न गरेको कामको विवरण :-**

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेकदार दाता कार्यालयको नाम |
|---|---|---|---|---|
| १. | भवन निर्माण तथा मर्मत सम्भार | | | |
| २. | सडक निर्माण तथा मर्मत सम्भार | | | |
| ३. | विमानस्थल निर्माण तथा मर्मत सम्भार | | | |
| ४. | बाँध, नहर, जलाशय, पानी,ट्याङकी तथा ढल निर्माण, | | | |

| | | | | |
|---|---|---|---|---|
| | पाईप बिछ्याउने तथा मर्मत संभार | | | |
| ५. | सुरुङ, भुमिगत मार्ग तथा जलाशय (टनेल) निर्माण तथा मर्मत संम्भार | | | |
| ६. | विद्युत लाईन, निर्माण पावर स्टेशन निर्माण तथा मर्मत संम्भार | | | |
| ७. | हाइड्रोलिक स्टक्चर | | | |
| ८. | पुल निर्माण तथा मर्मत संम्भार | | | |
| ९. | अन्य | | | |

**११. करचुक्ता गरेको प्रमाण पत्र कागजात:-**

क.

ख.

ग.

यस दर्खास्त फारममा उल्लिखित सम्पुर्ण व्यहोरा ठिक साँचो छ। झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

निर्माण व्यवसायीको छाप:-

दरखास्तवालाको, :-

दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दर्खास्त फारम साथ दर्खास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्ने छ र कार्यालयको माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ।

अनुसूची-२

(दफा १० को उपदफा १ संग सम्बन्धीत )

# इजाजतपत्र

ईजाजतपत्र नं.................... ..                                        मिति :-...................

मेरिङदेन गाउँपालिका, घ वर्ग निर्माण व्यवसायी ईजाजत-पत्र कार्यविधि २०७५ को दफा १० बमोजिम निर्माण व्यवसाय गर्न.....................स्थित कार्यालय भएको.......................................................फर्म वा कम्पनिलाई इजाजतपत्र प्रदान गरिएको छ ।

इजाजतपत्र दिनेको,-

दस्तखत :-

नाम :-

पद :-

कार्यालय :-

(यस वृतभित्र कुन वर्ग लेख्नु पर्ने हो सोहि वर्ग लेख्ने)

मिति :-

नविकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. मिति | नवीकरण गर्ने अधिकारीको दरस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-३

(दफा १० को उपदफा २ सँग सम्बन्धित )

# ईजाजतपत्र अभिलेख

ईजाजत-पत्रको क्रम संख्या :-

(अनुसूची -२ मा उल्लिखित क्र.सं. उल्लेख गर्ने)

खण्ड क

**१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को :-**

क) नाम :-

ख) ठेगाना :-

**२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको:-**

क) नाम:-

ख) ठेगाना :-

**३. निर्माण व्यवसायको :-**

क) दर्ता नं. :-

ख) दर्ता मिति :-

**४. ईजाजत-पत्रको :-**

क) वर्ग :-

ख) समूह :-

**५. इजाजतपत्र जारी गरेको सुरु मिति :-**

खण्ड ख

नवीकरण

| सि. नं. | नवीकरण भएको मिति | इजाजतपत्र नवीकरण दस्तुरको भौचर नं. | नवीकरण दस्तुर वुझाएको मिति | नवीकरण दस्तुर बुझाएको बैक | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## खण्ड ग

## कार्य अभिलेख विवरण

| सि.नं. | आयोजना वा कार्यालयको नाम | निर्माण कार्यको नाम | ठेक्का सम्झौता बमोजिमको रकम | कार्य प्रारम्भ मिति | कार्य सम्पन्न रकम | कार्य समाप्त मिति | सम्बन्धित अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## खण्ड घ

## निर्माण व्यवसायी कोषमा रकम बुझाएको विवरण

| सि.नं. | आयोजना वा कार्यालयको नाम | निर्माण कार्यालयको नाम | ठेक्का सम्झौता नं. | ठेक्का सम्झौता बमोजिमको रकम | कार्य सम्पन्न गर्दा लागेको कुल रकम | कोषमा बुझाएको रकम | सम्बन्धित अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूची-४

(दफा ११ को उपदफा २ संग सम्बन्धित)

**ईजाजतपत्र नविकरणको लागि दिइने दर्खास्त**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मेरिङदेन गाउँपालिकाको कार्यालय
सान्थाक्रा, ताप्लेजुङ

विषय :- ईजाजत-पत्र नवीकरण गरिपाउँ भन्नेबारे।

निर्माण व्यवसाय सञ्चालन गर्ने इजाजत-पत्र नवीकरण गर्नका लागि देहाय बमोजिमको विवरणहरु खुलाई यो दर्खास्त पेश गरेको छ।

**१. निर्माण व्यवसायी (फर्म वा कम्पनी ) को :-**

क) नाम :-

ख) ठेगानन :-

ग) पोष्ट बक्स :-

घ) टेलिफोन नं.

ङ) फ्याक्स नं. :-

च) ईमेल

**२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयकोः-**

क) नामः-

ख) ठेगानाः-

**३. निर्माण व्यवसायीको:-**

क) प्रमाण पत्र नं.:-

ख) दर्ता मितिः-

**४.** क) ईजाजत-पत्र नं.-

ख) ईजाजत-पत्र जारी भएको मितिः-

ग) ईजाजतपत्र जारी गर्ने कार्यालयः-

**५.**क) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नं.-

ख) नवीकरण मितिः-

६. ईजाजतपत्र नविकरण दस्तुर/थप दस्तुर वापत रु.................. अक्षरेपी...........................जम्मा गरेको ..............................बैक को सक्कल भौचर यसै साथ सम्लग्न छ।

७. यस दर्खास्त फारममा उल्लेखित समेपुर्ण व्यहोरा ठिक साँचो छ झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

निर्माण व्यवसायीको छाप

निवेदक निर्माण व्यवसायीकोः
तर्फबाट दर्खास्त दिनेकोः-
नामः-
पदः-
दस्तखतः-
मिति

अनुसूची-५

(दफा १४ सँग सम्बन्धित)

**ईजाजतपत्र दर्ता किताब**

| क्र.सं. | ईजाजतपत्रको | | | निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको | | इजाजतपत्रको | | प्रमाणित गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची-६
(दफा १५ को उपदफा १ सँग सम्बन्धि)

## “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योजना

**१. आर्थिक क्षमता** : प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाको चालु पुँजी देखाइ उद्योग विभाग वा गाउँपालिकाको उद्योग विकाश शाखा दर्ता भएको हुनु पर्नेछ।
**२. मुख्य जनशक्ति विवरण :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरीङ बिषयमा कम्तिमा प्रमाण पत्र तह उत्तिर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाण –पत्र तह उत्तिर्ण एक जना प्रशासनिक र वाणिज्य शासत्र/अर्थ शास्त्रमा प्रमाण-पत्र तह उत्तिर्ण एक जना जनशक्तिको सेवा पुरा समय प्राप्त हुने व्यबस्था हुनु पर्नेछ।
**३. मेशिन र उपकरण :**
क) ट्रिपर/ट्याक्ट(एक/एक थान)
ख) मिक्सर(एक थान)
ग) Theodolite/Level Machine (एक सेट)
घ) वाटर पम्प (तीन थान)
ङ) भाइब्रेटर (तीन थान)

द्रष्टव्य :

१.उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण-पत्र का साथै विमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ।
२.माथि उल्लेखित यान्त्रिक उपकरणहरु ठिक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तिमा स्नातक तहको शैक्षिक योग्ता भएको नेपाल इन्जिनियर्स एशोसिसनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई बर्ष सम्म बेच विखन गर्न पाइने छैन।
४. पन्ध्र बर्ष भन्दा वढि पुरानो उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन।

अनुसूची-७

(दफा १६ को उपदफा (१) संग सम्बन्धित)

## सार्वजनिक निर्माण कार्यको विवरण

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मेरिङदेन गाउँ कार्यपालिकाको कार्यालय,
सान्थाक्रा, ताप्लेजुङ।

विषय :- निर्माण कार्य विवरण पेश गरेको।

निर्माण व्यवसाय ऐन, २०५५ र निर्माण व्यवसाय नियामवली, २०५६ बमोजिम सार्बजनिक निर्माण कार्यको विवरण निम्न अनुसार खुलाई पेश गरेको छु।

**१. निर्माण व्यवसायको :-**

क) नामः-

ख) टेगानाः-

**२. कार्य योजनाको नामः-**

**३. आयोजना कार्यालयकोः-**

क) नामः-

ख) ठेगानाः-

**४. निर्माण व्यवसायी तर्पको ईन्जिनियरकोः-**

क) नामः-

ख) काम गरेको अवधिः-

ग) नेपाल ईन्जिनियर्स एसोशियसनको सदस्यता नं.-

**५. मुख्य जनशक्ति,-**

क) प्राविधिक

ख) अप्राविधिक

६.ठेक्का सम्पन्न भए बमोजिमको रकम......................................

७. ठेक्का सम्झौता बमोजिमको रकम.रु................................

**८. भेरियसन भए नभएको भएको भए :-**

क) बृद्धि भएको रकम रु................................

ख) कम भएको रकम रु.........................................

**९. निर्माण कार्यको संक्षिप्त विवरणः-**

क)

ख)

ग)

**१०. कार्य समापन प्रमाण-पत्र प्रप्त मितिः-**

११.ईजाजतपत्र नं.

छाप

दर्खास्तवलाकोः-
नामः-
दस्तखत
मिति

# अनुसूची-८
(दफा १६ उपदफा (३) सँग सम्बन्धित)
## सार्वजनिक निर्माण कार्यको विवरण अभिलेख

| सि.नं. | निर्माण व्यवसायको नाम | ईजाजतपत्र नं. | निर्माण कार्यको नाम | आयोजना कार्यालयको नाम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची-९

(दफा १८ सँग सम्बन्धित)

**सहुलियतमा पैठारी गरिएका सामानको विवरण**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मेरिङदेन गउँ कार्यपालिकाको कार्यालय
सान्थाक्रा, ताप्लेजुङ।

विषय :- विवरण पेश गरेको बारे।

निर्माण व्यवसाय ऐन, २०५५ र निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम नेपाल भित्र सहुलियतमा पैठारी गरिएको सवारी साधन, मेशिनरी औजार तथा अन्य यन्त्र, उपकरणको विवरण निम्न बमोजिम खुलाई पेश गरिएको छ।

**१. निर्माण व्यवसायीको :-**

क) नाम :-

ख) ठेगाना :-

**२. कार्य योजनाको नाम :-**

**३.ठेक्का सम्झौता नम्बर:-**

**४. सम्झौता अवधि :-**

**५. आयोजना, कार्यालयको, :-**

क) नाम :-

ख) ठेगाना :-

**६.सहुलियतमा पैठारी गरिएको सामानहरुको विवरण:-**

| सि.नं. | विवरण | नमूना( मोडल) | क्षमता | निर्माण भएको साल | निर्माता कम्पनी | पैठारी गरेको मिति | लागेको भंसार महशुल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

७. सम्झौता बमोजिम सहुलियतमा झिकाउन पाउने सामानहरुको विवरण खुलेको बील अफ क्वान्टीटीको नक्कल यसै दरखास्त साथ पेश गरेको छु।

यस दर्खास्तमा उल्लिखित विवरण ठीक साँचो छ। झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

छाप

दरखास्तवालाको :-
नाम :-
दस्तखत :-
मिति :-